आज मिति २०८१।०४।०२ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बि.मला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री चुरामणी पन्थी | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. ०१/२०८१।०८२

**मिति :२०८१।०४।०२ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८१।३।०४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आ.व. २०८०।०८१ को आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८०।०८१ मा आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ८०.२९ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ७८.१४ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो। साथै आन्तरिक राजश्व तर्फ ५ करोड ९ लाख ५८ हजार ३५३।७५ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **प्रारम्भिक वातावरणीय परीक्षणका लागि कार्यसूची सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका खोला/ नदीबाट उत्खनन गर्न सकिने नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गर्ने सम्बन्धमा नगरपालिकाबाट गठित समितिले तयार पारेको सेवा परामर्श दाताको कार्यक्षेत्रगत शर्त (Terms of Reference ToR) स्वीकृत गरियो। साथै सोही कार्यसूची बमोजिम यस नगर क्षेत्रभित्रका कुन्द्रा खोला, गुडरूङ् खोला, बेलगडरूङ खेला, घोगवा खोला, अगिया खोला, कुचिया खोला, झिगवा खोला र वाणगंगा खोलाको (IEE) प्रतिवेदन तयार गर्ने लागत अनुमान स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

४. **नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ को बुदाँ नं. २०.१ को व्यवस्था बमोजिम देहाय अनुसारको आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| क) केशव कुमार श्रेष्ठ | नगर प्रमुख | संयोजक |
| ख) मिरा थारू | उप प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | | सदस्य |
| घ) कमला चौधरी | सुशासन समिति संयोजक | सदस्य |
| ङ) रोम बहादुर थापा | वडा अध्यक्ष-५ | सदस्य |

चुडामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

| | | |
|---|---|---|
| च) तारादेवी सुनार | कार्यपालिका सदस्य | सदस्य |
| छ) आर्थिक प्रशासन शाखा प्रमुख | | सदस्य |
| ज) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख | | सदस्य |
| झ) आन्तरिक लेखा परीक्षक | | सदस्य सचिव |

५. **आ.व. २०८०।०८१ को बार्षिक समिक्षा सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाले वार्षिक समीक्षालाई संस्थागत गर्न यस नगरपालिका अन्तर्गतका विभिन्न शाखा/उप शाखाहरू तथा वडा कार्यालयहरूका सबल पक्षहरूको संश्लेषण/विश्लेषण र कमी कमजोरी सुधार गर्ने प्रयोजनका लागि देहायको मिति, समय र स्थानमा बार्षिक समीक्षा गर्ने निर्णय गरियो।

क) मितिः २०८१।०४।१८ गते, शुक्रबार

ख) समयः १२:३० बजे देखि

ग) स्थानः बहुउद्देश्यीय सभाहल, हनुमानचोक, बुडढी, कपिलवस्तु।

६. **विविध।**

क) बुद्धभूमि नगरपालिकाको नगरस्तरीय महिला शान्ति सुरक्षा सम्बन्धी स्थानीय तह कार्यान्वयन समिति देहाय बमोजिम रहने गरी गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| क) केशव कुमार श्रेष्ठ | नगर प्रमुख | संयोजक |
| ख) मिरा थारू | उप प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | | सदस्य |
| घ) कमला चौधरी | कार्यपालिका सदस्य | सदस्य |
| ङ) सविता बेल्बासे, बुद्धभूमि -४ | द्वन्दपीडित प्रभावित | सदस्य |
| च) सामाजिक विकास शाखा प्रमुख | | सदस्य सचिव |

ख) बुद्धभूमि नगरपालिकाको बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि बालमैत्री स्थानीय शासन वडा समिति गठन गर्ने निर्णय गरियो।

ग) बुद्धभूमि नगरपालिकाको इन्धन खर्च र विभिन्न बैठक सञ्चालनको चिया नास्ता तथा खाना खर्च सम्बन्धित कुपनहरू प्रशासन शाखा प्रमुखबाट प्रमाणित गरी भुक्तानी दिने निर्णय गरियो।

घ) बुद्धभूमि नगरपालिकाका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले विदा लिदा वडा अध्यक्षसँग समन्वय गरी कार्यालयको कामकाज प्रभावित नहुने गरी व्यवस्था मिलाई मात्र विदा लिन निर्देशन दिने निर्णय गरियो।

रामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ङ) बुद्धभूमि नगरपालिका, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, विद्यालयहरू तथा अन्य मातहतका निकाय तथा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको हाजिर विद्युतीय माध्यमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

च) बुद्धभूमि नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सार्वजनिक ताल तलैया, पोखरीहरूको वडा कार्यालयबाट लगत संकलन गरी ठेक्का प्रक्रिया मार्फत राजश्व संकलन गर्ने निर्णय गरियो ।

युवमणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२०८०/१०/०२
केशव कुमार श्रेष्ठ
नगर प्रमुख